# नेपाल पूर्व सशस्त्र प्रहरी संघ

**केन्द्रीय, कार्यालय, हलचोक काठमाण्डौ ।**

## (बिधान २०६४)

मिति २०६४/११/१७ गते (पहिलो संशोधन)
मिति २०६८/०८/०२ गते (दोस्रो संशोधन)
मिति २०६९/०८/१८ गते (तेस्रो संशोधन)
मिति २०७०/०९/२५ गते (चौथो संशोधन)
मिति २०७१/०८/०५ गते (पाँचौं संशोधन)
मिति २०७१/१२/२० गते (छैठौं संशोधन)
मिति २०७३/०८/१७ गते (सातौं संशोधन)
मिति २०७४/०९/२५ गते (आठौं संशोधन)
मिति २०७५/०३/२९ गते (नवौं संशोधन)
मिति २०७५/०९/३० गते (दशौं संशोधन)
मिति २०७९/०२/२३ गते (एघारौं संशोधन)
मिति २०८१/०९/२९ गते (बाह्रौं संशोधन)

**प्रस्तावना,**

नेपालको सशस्त्र प्रहरी बल (संगठन) मा अनवरतरुपमा सेवा गरी उक्त संगठनको ऐन, नियममा भएको व्यवस्था अनुसार सम्मानपूर्वक अवकाश प्राप्त गरेका सशस्त्र प्रहरी कर्मचारीहरुका बीचमा समानताका आधारमा एकता, भातृत्व, सहयोग र सद्भावनाको अभिबृद्धि गराउने । आफ्नो हितको संरक्षण गर्ने, संघका समस्त सदस्य र तिनका आश्रीत परिवारहरुको बौद्धिक, नैतिक, सामाजिक र आर्थिक स्तरको अभिवृद्धि हुने खालका विभिन्न गतिविधिहरु संचालन गर्ने । त्यस्तै सामाजिक सेवा र राष्ट्रको शान्ति र सुरक्षा सुदृढिकरणमा अनुभवको आधारमा सक्दो योगदान पुऱ्याउन नेपाल सरकार सशस्त्र प्रहरी बल लगायत सम्बद्ध निकायहरुसँग द्विपक्षीय एवम् बहुपक्षिय आपसी सहयोग आदान प्रदानका लागि समेत निरन्तर सहकार्य गर्दै खारिएको अनुभवी एवम् परिपक्व जनशक्तिलाई राष्ट्र हितमा संगठित गर्ने । संगठित शक्तिलाई विश्वव्यापी प्रजातान्त्रिक मूल्य, मान्यताअनुरुप नेतृत्व एवम् संचालन गर्ने उद्देश्य सहित एउटा अनुसाशीत, सशक्त, गतिशील एवम् प्रभावकारी संस्थाको आवश्यकता महसुस गरी निमार्ण गरिएको विधान, नेपालको संविधान तथा प्रचलित कानुन बमोजिम मिति २०६४ साल आश्विन २७ गते जिल्ला प्रशासन कार्यालय काठमाण्डौंमा सिरियल नम्बर ४६० मा दर्ता गरी नेपाल पूर्व सशस्त्र प्रहरी संघमा लागु गरिएको छ । नेपाल पूर्व सशस्त्र प्रहरी संघको कार्य क्षेत्र नेपालभर नै रहनेछ । संघको विस्तार विकासको क्रममा गठीत विभिन्न तहका संघहरुलाई मुलुकको प्रचलित कानुन अनुसार सम्बन्धित स्थानिय निकायहरुको सहमतिमा संघको दर्ता गराईनेछ भने विधानको हकमा केन्द्रीय तह देखि गठित सबभन्दा तल्लो तहसम्म पनि एउटै विधान लागु हुनेछ । साथै यो संस्था दर्ता ऐन २०३४ को अधिनमा रहि तर्जुमा गरिएको छ ।

## परिच्छेद - १

**(१) संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यस संघको विधानको नाम “नेपाल पूर्व सशस्त्र प्रहरी संघको विधान २०६४” रहने छ ।

(ख) यो विधान जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको मिति देखि नेपाल पूर्व सशस्त्र प्रहरी संघका सदस्यहरु माथि लागु हुनेछ ।

(ख) १ नेपालको संविधान २०७२ अनुसार प्रदेश र प्रदेश अन्तरगत रहने जिल्ला तथा स्थानिय तहसम्म संघको गठन गर्नु पूर्व सम्वन्धित स्थानिय अधिकारीको स्विकृति लिनुपर्ने छ ।

(ग) संघको केन्द्रीय कार्यालय काठमाण्डौंमा रहनेछ ।

(ग) (१) प्रदेश तथा जिल्ला संघहरु गठन भए पछी उक्त संघहरुको सम्पर्क कार्यालय कानुन अनुसार सम्बन्धित निकायहरुको पूर्व स्वीकृती लिई सम्वन्धित प्रदेश राजधानी तथा जिल्ला सदरमुकाम रहेको स्थानहरुमा नै रहने छन् ।

(घ) संघको चिन्ह (छाप, व्याच ) र झण्डा अनुसुची १ मा उल्लेख गरे वमोजिम हुनेछ ।

(घ) १ संघको चिन्ह र झण्डा मुलुकभरी नै एउटै प्रयोग हुने छ ।

(ङ) संघको अस्तित्व : यस नेपाल पूर्व सशस्त्र प्रहरी संघ एक अभिच्छिन्न, उत्तराधिकारवाला, संगठित, स्वशासित, गैरराजनैतिक तथा गैर सरकारी, समाजिक संघ हुनेछ भने प्रचलित कानुनी व्यवस्थाको प्रतिकुल नहुने गरी बर्गीय हकहितका लागि बिभिन्न गतिबिधिहरु संचालन गर्नुका साथै मानवीय र सामाजिक सेवाका विभिन्न क्षेत्रमा पनि परोपकारी कार्य गर्ने भएकाले यो संघ बहुउद्देश्यीय पनि हुनेछ ।

**(२) परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :-

(क) “विधान” भन्नाले नेपाल पूर्व सशस्त्र प्रहरी संघको विधान २०६४ लाई सम्झनु पर्दछ ।

(ख) “संघ” भन्नाले यस विधानको नियम तथा विनियम अन्तर्गत रही नेपाल राज्य भित्र गठित जुनसुकै तहको नेपाल पूर्व सशस्त्र प्रहरी संघलाई सम्झनु पर्दछ ।

(ग) “परिषद्” भन्नाले नेपाल पूर्व सशस्त्र प्रहरी संघको केन्द्रिय, प्रदेश परिषद र प्रदेश अन्तर्गत जिल्ला तथा स्थानिय तहसम्म गठन हुने विभिन्न स्तरका परिषदलाई सम्झनु पर्दछ ।

**(घ) “पूर्व सशस्त्र प्रहरी कर्मचारी“ भन्नाले सशस्त्र प्रहरी बल, नेपाल ऐन, नियम अनुसार भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट हटाईएको बाहेक निवृत्तिभरण वा उपदानको सुविधा पाउने वा नपाउने गरी अवकाश पाएका वा सेवाबाट अलग भएका पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुलाई समेत सम्झनु पर्दछ ।**

(ङ) “पार्षद” भन्नाले नेपाल पूर्व सशस्त्र प्रहरी संघको केन्द्रिय, प्रदेश परिषद र प्रदेश अन्तर्गत जिल्ला तथा स्थानिय तहसम्म गठन हुने विभिन्न स्तरका परिषदका सदस्यलाई सम्झनु पर्दछ ।

(च) सक्रिय सदस्य भन्नाले वार्षिक रुपमा नविकरण गर्ने गरी संघमा आवद्ध भई तोकिएको शुल्क तिरी सदस्यता लिएको सदस्यलाई सम्झनु पर्दछ ।

छ) आजिवन सदस्य भन्नाले एक पटक तोकिएको शुल्क तिरी (जीवनभर तिर्न नपर्ने गरी) संघमा सक्रिय रहेका सम्मानित सदस्यहरुलाई सम्झनु पर्दछ ।

ज) मानार्थ सदस्य भन्नाले अवकाश प्राप्त सशस्त्र प्रहरी बाहेकका संघको सदस्यता लिएका स्वदेशी तथा विदेशी विशिष्ट महानुभावहरुलाई सम्झनु पर्दछ ।

झ) साधारण सदस्य भन्नाले सशस्त्र प्रहरी बलबाट सम्मानजनक रुपमा अवकाश प्राप्त गरेका तर संघको सदस्य लिन नभ्याएका सशस्त्र प्रहरी कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

ञ) पदाधिकारी भन्नाले कार्यकारीणी समितीका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष र सह-कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

ट) सल्लाहकार भन्नाले संघको लागि विशेष योगदान दिन सक्ने भनि कार्य समितिले सल्लाहकारमा मनोनयन गरेका विशिष्ट व्यक्तित्वहरुलाई सम्झनु पर्दछ ।

(ठ) "स्थानीय तह" भन्नाले जिल्ला समन्वय समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाँउपालिका र वडा कार्यालयहरुलाई समेत सम्झनु पर्दछ ।

(ढ) स्थानिय अधिकारी भन्नाले सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई सम्झ्नु पर्दछ ।

(ण) "पूर्व राष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषद्" भन्नाले निजामति, सेना, सशस्त्र प्रहरी र प्रहरीका पूर्व संघ/संगठनहरुबाट विधिवतरुपमा स्थापित छाता संगठन परिषद्लाई सम्झनु पर्दछ ।

(त) "परिवार" भन्नाले प्रचलित कानुनले परिवार भनि परिभाषित गरेका परिवार भित्रका सदस्यहरुलाई सम्झनु पर्दछ ।

(थ) **"काठमाण्डौ उपत्यका"** भन्नाले राज्यको राजधानी एवम् सुरक्षा र प्रशासनिक विकासको आधारमा छुट्टयाईएका काठमाण्डौ, ललितपुर र भक्तपुर ३ जिल्लाहरुको भू-भागलाईलाई सम्झनु पर्दछ ।

(द) अवकाश प्राप्त भन्नाले पदावधि, सेवाअवधि र उमेरको हद पुरा गरेका, कानून अनुसार तोकिएको निश्चित अवधि सेवा गरी निवृत्तिभर र उपदान प्राप्त गर्ने अधिकार प्राप्त गरी स-सम्मान रुपमा सशस्त्र प्रहरी बल, नेपालको सेवाबाट अलग भएका व्यक्तित्वहरुलाई सम्झनु पर्दछ ।

(ध) **"संघिय प्रदेश"** भन्नाले नेपालको संविधानले निदिर्ष्ट गरेको राजनीतिक तथा प्रशासनिक रुपमा विकास गरिएको संघिय प्रदेशहरु र केन्द्रीय राजधानी रहेको उपत्यकाको विशेष भु- भागलाई समेत सम्झनु पर्दछ ।

(न) "**क्षेत्र**" भन्नाले संघिय संरचना अनुरुप गठित प्रदेशहरु भित्र राखिएका जिल्ला स्थानहरुको भौगोलिक भुभागको क्षेत्रफललाई सम्झनु पर्दछ ।

(प) **कार्यकारी सदस्य** भन्नालेः कार्यकारीणी समितीका सम्पुर्ण सदस्यहरुलाई सम्झनु पर्दछ ।

(फ) **संरक्षक** भन्नालेः सशस्त्र प्रहरी बलका बहालवाला संगठन प्रमुख लाई सम्झनु पर्दछ ।

(ब) **निवर्तमान अध्यक्ष** भन्नालेः संघको वहालवाला अध्यक्षलाई पदभार बुझाई अध्यक्ष पदबाट हटेको व्यक्तित्वलाई सम्झनु पर्दछ ।

(भ) **"अध्यक्ष"** भन्नाले संघ संचालन गर्नको लागी कार्यकारीणी समितीको मुख्य पदाधिकारीको रुपमा निर्वाचित व्यक्तिलाई सम्झनु पर्दछ ।

(म) **"बरिष्ठ उपाध्यक्ष"** भन्नाले संघको प्रभावकारी संचालन व्यवस्थापनमा प्रत्यक्ष रुपमा अध्यक्षलाई सहयोग पुऱ्याउने निर्वाचित भएका व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

(य) **"उपाध्यक्ष"** भन्नाले संघको कार्य संचालन गर्ने सन्दर्भमा अध्यक्ष र बरिष्ठ उपाध्यक्षहरुलाई सहयोग पुऱ्याउने निर्वाचित भएका व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

(र) **"महासचिव "** भन्नाले संघको मेरुदण्डको रुपमा रहेर अध्यक्षको निर्देशनमा संघ संचालनको समुच्च व्यवस्थापन गर्ने जिम्मेवारी सहित निर्वाचित भएका व्यक्तिलाई सम्झनु पर्दछ ।

(ल) **"सचिव"** भन्नाले अध्यक्ष तथा महासचिवको कार्यमा सहयोग पुऱ्याउन निर्वाचित तथा मनोनित व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

(व) **"कोषाध्यक्ष"** भन्नाले संघको कोष व्यवस्थापनको जिम्मेवारी लिने गरी निर्वाचित व्यक्तिलाई सम्झनु पर्दछ ।

(श) "सह-कोषाध्यक्ष" भन्नाले कोषाध्यक्षको कामलाई आवश्यकतानुसार सहयोग पुऱ्याउन निर्वाचित व्यक्तिलाई सम्झनु पर्दछ ।

(ष) **"प्रदेश संयोजक"** भन्नाले केन्द्रिय कार्यकारी समिति र प्रदेश कार्यकारी समिति विच आवश्यक सम्पर्क, समन्वय र प्रभावकारी सहजकर्ताको रुपमा कार्य गर्ने गरी केन्द्रिय कार्यकारीणी समितिबाट मनोनयन भएका आजीवन सदस्यज्यूहरुलाई सम्झनु पर्दछ ।

(स) **"उप-महासचिव"** उप महासचिव पद थप व्यवस्था गरी अध्यक्षबाट मनोनित गर्ने ब्यवस्था गरियो ।

(ह)**"पदेन सदस्य"** नेपाल पूर्व सशस्त्र प्रहरी प्रदेश संघहरुको अध्यक्ष केन्द्रिय संघको कार्यकारिणी पदेन सदस्य हुने व्यवस्था थप गरिएको ।

## परिच्छेद -२

(३) **उदेश्य :-** नेपाल पूर्व सशस्त्र प्रहरी संघका उदेश्यहरु निम्न बमोजिम हुनेछन् :-

(क) यो संघ गैर नाफामुलक,गैरराजनीतिक तथा मुनाफारहित बहुउदेश्यीय जनहितकारी सामाजिक संस्था हुनेछ ।

(ख) संघले अवकाश प्राप्त सशस्त्र प्रहरीका आश्रित, बाल बालिका तथा जेष्ठ नागरिकको सुरक्षा, शिक्षा, स्वास्थ्य र सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने प्रयास गर्नेछ ।

(ग) संघमा आवद्ध सेवानिवृत्त सशस्त्र प्रहरीहरुले सेवामा रहंदा आर्जेको अनुभव, ज्ञान, सीप योग्यता र दक्षतालाई राष्ट्रिय स्वतन्त्रता सार्वभौमिकताको रक्षाका साथै जेष्ठ नागरिक, मानसिक तथा शारिरीक रुपमा अशक्त बालबालिका लगायत अवकाश प्राप्त सशस्त्र प्रहरीहरुका परिवारका हकहित एवं संरक्षण र सेवामा सहयोग गर्न संगठित रुपमा यो संघ प्रयासरत हुनेछ ।

(घ) जेष्ठ नागरिकहरु, पूर्व राष्ट्रसेवक, उनीहरुको परिवार एवं मुलुकका पिछडीएका वर्गलाई सहयोग र स्वरोजगारीका लागि विभिन्न किसिमका आयमुलक योजना तालिम र कार्यक्रमहरु संचालनका लागि प्रयास गर्नेछ ।

(ङ) संघले अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुका बीच समाजका विविध कल्याणकारी कार्यका साथै एकता, भातृत्व, आपसी सहयोग र सद्भाव अभिवृद्धि गर्दै राष्ट्र र समाजप्रति उत्तरदायित्वबोध गर्ने र गराउनेछ र राष्ट्रिय अखण्डता, राष्ट्रिय हित, अक्षुणता सार्वभौमिकताको जगेर्ना र राष्ट्रिय सुरक्षा कायम गर्नमा सहयोगीको रुपमा भूमिका खेल्ने प्रयास गर्नेछ ।

(च) अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुले आर्जन गरेको अनुभव ज्ञान सीप योग्यता र क्षमतालाई राज्यका विभिन्न क्षेत्रमा उपयोग गराउदै राष्ट्रिय विकासका लागी आवश्यक पहल गर्ने र उपयुक्त भुमिकाको खोजी गर्नेछ ।

(छ) संघले राष्ट्रलाई आवश्यक परेमा सुशासन स्थापित गर्न भरपर्दो सुरक्षा पद्धतिको विकास गर्न आवश्यकता अनुसार सशस्त्र प्रहरी बल लगायत सम्बन्धित निकाय र पदाधिकारीलाई सल्लाह र सुझाव दिने र सक्दो सहयोग पुऱ्याउन प्रयास गर्नेछ ।

(ज) विश्वको बदलिंदो परिस्थितिअनुरुप पूर्व कर्मचारीहरुका समान प्रकृति र चरित्रका विधिसम्मत रुपमा गठित राष्ट्रिय र नेपाल सरकारको अग्रिम स्विकृति लिई अन्तर्राष्ट्रिय संगठनहरुसंग मैत्रीपूर्ण सम्बन्ध, सद्भाव, अभिवृद्धि गर्दै मानव कल्याण एवं सामूहिकहितका लागि उपयुक्त कार्य सञ्चालन गर्न प्रयत्नरत रहनेछ ।

## परिच्छेद - ३

(४) **सदस्यता :-**

(क) यस संघमा सशस्त्र प्रहरी बल, नेपालको ऐन नियम, मूल्य मान्यता अनुरुप स-सम्मान रुपमा अवकाश प्राप्त गरेका सबै तहका सशस्त्र प्रहरी कर्मचारीहरु स्वतः साधारण सदस्य हुनेछन् ।

**(ख) देहाय अनुसारका व्यक्तिहरु यस संघको सदस्य बन्न पाउने छन् ।**

**(१) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट हटाईएको बाहेकका सशस्त्र प्रहरी बल, नेपालको ऐन, नियम अनुसार निवृत्तिभरण वा उपदानको सुविधा पाउने वा नपाउने गरी अवकाश पाएका वा सेवाबाट अलग भएका पूर्व सशस्त्र प्रहरी कर्मचारीहरु वा श्रेणीविहिन कर्मचारीहरु ।**

**(२) वीरगति प्राप्त गर्ने अमर सशस्त्र कर्मचारीहरुका परिवारहरु ।**

**(३) सशस्त्र प्रहरी नियमावली अनुसार निवृत्तिभरण पाईरहेको पूर्व सशस्त्र प्रहरी कर्मचारी स्वर्गिय भएमा निजको बदलामा निवृत्तिभरणको हकदार ठहरिएका व्यक्तिहरु ।**

(ग) वीरगती प्राप्त अमर सशस्त्र प्रहरी सेवारत रहँदाका अवस्थामा वा अवकाश पश्चात निधन भएका स्वर्गीय पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुको नामबाट निवृत्तीभरणको सुविधा प्राप्त गरिरहेका परिवारका सदस्यहरु पनि स्वतः संघको साधारण सदस्य हुनेछन् ।

(५) **सदस्यताको प्रकार :-**

(क) साधारण सदस्यः-

(ख) सक्रिय सदस्य

(ग) आजिवन सदस्य

(घ) मानार्थ सदस्य

द्रष्टव्य - स्वदेश तथा बिदेशका सुरक्षा निकायबाट अबकाश प्राप्त गरी यस संघको सदस्यता लिई सहयोग गर्न चाहने नेपालीलाई संघको आवश्यकतालाई हेरेर कार्य समितिको निर्णयअनुसार सदस्यता प्रदान गर्न सकिने छ ।

(६) **सदस्यता शुल्क र प्रकृया :-**

(क) संघको सक्रिय सदस्य :- संघको सक्रिय सदस्य बन्न चाहने व्यक्तिले समय सापेक्ष रुपमा संघको कार्यसमितिले समय-समयमा निर्धारण गरे बमोजिमको प्रबेश शुल्क र बार्षिक शुल्क बुझाउनु पर्नेछ ।

(ख) आजीवन सदस्य :- केन्द्रको स्वीकृतबाट मात्र आजीवन सदस्यता प्राप्त गर्न सकिनेछ । आजीवन सदस्य शुल्क केन्द्रबाट निर्धारण गरे बमोजिम हुनेछ ।

(ग) मानार्थ सदस्यः- संघलाई विशिष्ट योगदान पुऱ्याए वापत पूर्व सशस्त्र प्रहरी बाहेकका अन्य स्वदेशी महानुभावलाई केन्द्रिय परिषद्बाट अख्तीयारी लिँदा केन्द्रिय कार्य समितिले संघको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

(घ) संघको सदस्य बन्न चाहने व्यक्तिले केन्द्रीय कार्य समितिद्धारा तोकिएको आवेदन फर्म भरी सम्बन्धित कार्य समिति वा त्यस अन्तर्गतका ईकाइमा आवेदन दिनु पर्नेछ । सो आवेदन स्विकृती पश्चात् सदस्यता प्राप्त गर्न सकिनेछ ।

(ङ) सदस्यताको लागि आवेदन फारम, सदस्यता शुल्क, रसिद र सदस्यता कार्ड केन्द्रीय कार्य समितिले कार्यालयहरुमा उपलब्ध गराउने छ ।

(च) संघको केन्द्रीय कार्यकारिणी समितिद्धारा स्वीकृत आवेदन फर्म, सदस्यता शुल्क, रसिद र सदस्यता कार्ड बाहेक अन्य फर्म, रसिद र कार्डको मान्यता हुनेछैन ।

(छ) संस्थागत सदस्य :- संघले स्वदेशी तथा विदेशी संघ संस्थाको संस्थागत सदस्यता लिन र दिन सक्नेछ ।

(ज) साधारण सदस्यः- यस्ता सदस्यहरुको संघमा आवद्ध भई सक्रिय वा आजिवन सदस्यता नलिए सम्म मताधिकार रहने छैन र त्यस्ता सदस्यहरु समितिका कुनै पनि पदमा मनोनित समेत हुन सक्ने छैनन् ।

**(६) (१) सल्लाहकार समितिः**

**(क) सशस्त्र प्रहरी बल, नेपाल र नेपाल पूर्व सशस्त्र प्रहरी संघ बीच समन्वय, कल्याणकारी कार्य संचालन तथा नीतिगत सुझाव सल्लाहका लागि संघका संरक्षकको रुपमा रहेका पूर्व सशस्त्र प्रहरी महानिरीक्षकहरु, पूर्व अध्यक्षहरु र कार्यकारिणी समितिले तोकेको जेष्ठ आजिवन सदस्यहरु समेत रहेको एक सल्लाहकार समिति रहनेछ । सल्लाहकार समितिको अध्यक्षता जेष्ठ पूर्व सशस्त्र प्रहरी महानिरीक्षकले गर्नेछन् ।**

**(ख) सल्लाहकार समिति संघको वौद्धिक भण्डार (THINK TANK) को रुपमा रहनेछ ।**

**(ग) सशस्त्र प्रहरी बल, नेपाल र नेपाल पूर्व सशस्त्र प्रहरी संघ बीच समन्वय, कल्याणकारी कार्य संचालन तथा नीतिगत सुझाव सल्लाहका लागि सल्लाहकार समितिका अध्यक्षले आवधिक रुपमा आवश्यकता अनुसार सल्लाहकार समितिका सदस्यहरु तोक्न सक्नेछन् ।**

**(७) सदस्यताको लागि अयोग्यता :-** देहायका व्यक्ति देहायको अवस्थामा संघको सदस्य हुन सक्ने छैनन् -

(क) गैर नेपाली नागरिक,

(ख) बहुलाएको वा मगज बिग्रेको,

(ग) फौजदारी अभियोगमा अदालतबाट दोषि ठहरी सजाय पाएको वा सजाय भोगी रहेको,

**(घ) सशस्त्र प्रहरी बल, नेपालको नियुक्तिपत्र, पेन्सन वा उपदानमा निस्केको प्रमाण नभएको ।**

(ङ) सशस्त्र प्रहरी विशेष अदालतबाट भविष्यमा सरकारी नोकरीमा अयोग्य ठहरीने गरी बर्खास्त गरेको व्यक्ति,

(च) यस संघको कुनै पनि सदस्यले विधान विरुद्ध आचरण गरेमा वा आर्थिक नोक्सानी पुऱ्याउने कारवाही गरेमा केन्द्रीय कार्य समिति वा समितिबाट अधिकार प्रत्यायोजित संघको कुनै तहले पनि सदस्यताबाट हटाउन सक्नेछ । यस संघको कुनै पनि सदस्यले संघ भित्र कुनै पनि राजनैतिक क्रियाकलाप गर्ने छैन अन्य कुनै सदस्यलाई राजनैतिक गतिविधिमा लाग्न प्रेरित गर्ने छैन । यस्तो प्रकारको क्रियाकलाप गरेको पाईएमा निजलाई केन्द्रीय समितिको निर्णयले सदस्यबाट निलम्बन गर्न सकिने छ ।

**(८) सदस्यताको समाप्ति :-**

(क) सदस्यको मृत्यु भएमा,

(ख) बहुलाएमा,

(ग) राजीनामा दिइ स्वीकृत भएमा,

(घ) आचरण वा अनुशासन सम्बन्धमा कारवाही चालि हटाएमा,

(ङ) संघको सदस्यता प्राप्त गरे पछि नैतिक पतन देखिने फौजदारी अभियोग अदालतमा प्रमाणित भएमा,

(च) संघको विधान विपरित कार्य गरे वा अहित कार्य गरेमा,

(छ) नेपाली नागरिक नभएमा ।

**परिच्छेद - ४**

(९) **संघको गठन प्रकृया :-** संघको गठन प्रकृया निम्न बमोजिम हुनेछ :-

(क) केन्द्रीय परिषद,

(ख) केन्द्रीय कार्य समिति,

(ग) प्रदेश परिषद,

(घ) प्रदेश कार्य समिति

(ङ) जिल्ला परिषद

(च) जिल्ला कार्य समिति,

(छ) आवश्यकतानुसार पछि स्थानीय तह स्तर सम्म पनि संघको विस्तार, विकास गर्दै लान सकिने छ ।

(१०) **केन्द्रिय परिषदः-** नेपाल पूर्व सशस्त्र प्रहरी संघको विधान वमोजिम सदस्यता प्राप्त गरेका व्यक्तिहरु केन्द्रिय परिषद्को सदस्य हुने छन् ।

(१०) **(१)केन्द्रिय परिषद् (साधारणसभा) को काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

१. कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने ।

२. लेखा परिक्षकबाट प्राप्त भएको वार्षिक लेखा परिक्षण - प्रतिवेदन माथी छलफल गरी अनुमोदन गर्ने र लेखा परिक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथी छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरि पछ्यौट गर्नको लागी कार्य समितिलाई निर्देशन दिने ।

३. आगामी वर्षको लागी लेखा परिक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४. संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यको मुल्यांकन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

५. संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारी एवं सदस्यहरुको विधान बमोजिमको प्रकिया अन्तर्गत रहि निर्वाचन गर्ने ।

६. कार्य समितिद्वारा पेश भएका विधान संसोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

७. मानार्थ सदस्य प्रदान गर्ने ।

८. कार्य समितिबाट संस्थाको हित अनुकुल भएको काम-कारवाहीहरुको ओचित्य हेरी अनुमोदन गर्ने ।

९. संस्थाको आफ्नै आन्तरिक श्रोतबाट ब्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

१०. केन्द्रिय परिषद्को सभावाट पारित भएका निर्णयहरुमा प्रमाणीत गर्न कार्यकारीणी समितिका अध्यक्ष र निर्णय लेख्ने महासचिव, सचिव बाहेक आजिवन तथा सक्रिय सदस्यहरुको तर्फबाट २ जना प्रतिनिधि तोक्ने ।

११. संघको नाममा रहेका चल अचल सम्पतीको निरिक्षण, संभार, सुरक्षा र जिम्मेवारीको बिषयमा निर्देशन दिने ।

**१२. यस संघ अन्तर्गतका शाखाहरुको साधारण सभा वा बैठकबाट पारित गरिएका निर्णयहरुलाई अनुमोदनको लागि शिलशिलेवार रुपमा ७ दिन भित्र केन्द्रीय कार्यकारिणी समितिमा पठाउनु पर्नेछ र यसरी प्राप्त भएको निर्णयलाई केन्द्रिय समितिको बैठकबाट अनुमोदन गर्नुपर्नेछ ।**

(१०) **(२) प्रदेश परिषद् र जिल्ला परिषद्:-** कानून अनुसार निर्धारित प्रदेश र जिल्लाका भु-भाग भित्र बसोबास गर्ने नेपाल पूर्व सशस्त्र प्रहरी संघको विधान बमोजिम सदस्यता प्राप्त गरेका व्यक्तित्वहरु आ-आफ्नो सम्बन्धित प्रदेश तथा जिल्ला परिषद्का सदस्य हुनेछन् ।

(११) **केन्द्रीय परिषद्को बैठक :-**

(क) केन्द्रीय परिषद्को बैठक वर्षमा एक पटक हुनेछ ।

(ख) परिषद्रको बैठकको सभापतित्व केन्द्रीय कार्यकारिणी समितिका अध्यक्षले गर्नेछन् ।

(ग) परिषद्को सम्मेलन सभापतिको निर्देशनमा केन्द्रीय कार्यकारिणी समितिको महासचिवले बोलाउने छन् ।

(घ) सम्मेलन हुने स्थान, मिति, समय र छलफलको विषय सम्बन्धित अध्यक्षले तोके बमोजिम हुनेछ ।

(१२) **(१)प्रदेश परिषद्को काम, कर्तव्य र अधिकार :-**

(क) प्रदेश कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यहरुको निर्वाचन गर्ने ।

(ख) प्रदेश कार्यकारिणी समितिलाई निर्देशन दिने

(ग) प्रदेश कार्यकारिणीले प्रस्तावित गरेको नीति र आय व्ययको विवरणमा छलफल गर्ने र अनुमोदन गराउने ।

(घ) वार्षिक रुपमा प्रदेश परिषद्को सभाबाट पारित विषयहरुको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न कार्य समितिका अध्यक्ष,सचिव र निर्णय लेख्ने पदाधिकारी र आजिवन तथा सक्रिय सदस्यहरुको तर्फबाट २ जना प्रतिनिधि तोक्ने ।

**(ङ) प्रदेश कार्यालयहरुबाट पारित भएका निर्णय वा प्रस्तावहरुलाई ७ (सात) दिन भित्र अनुमोदनका लागि केन्द्रिय कार्यकारिणी समितिबाट अनुमोदन गर्नुपर्नेछ ।**

(१२) **(२) जिल्ला परिषद्को काम, कर्तव्य र अधिकार :-**

(क) जिल्ला कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यहरुको निर्वाचन गर्ने ।

(ख) जिल्ला कार्यकारिणी समितिलाई निर्देशन दिने

(ग) जिल्ला कार्यकारिणीले प्रस्तावित गरेको नीति र आय व्ययको विवरणमा छलफल गर्ने र अनुमोदन गर्ने ।

(घ) वार्षिक साधारण सभाबाट पारित विषयहरुको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न कार्य समितिका अध्यक्ष,सचिव र निर्णय लेख्ने पदाधिकारी र आजिवन तथा सक्रिय सदस्यहरुको तर्फबाट २ जना प्रतिनिधि तोक्नेछन् ।

**(ङ) जिल्ला कार्यालयहरुबाट पारित भएका निर्णय वा प्रस्तावहरुलाई ७ (सात) दिन भित्र अनुमोदनका लागि केन्द्रिय कार्यकारिणी समितिबाट अनुमोदन गर्नुपर्नेछ ।**

**(१३)** **केन्द्रिय कार्यकारिणी समितिः-** स्थापीत विश्वव्यापी मुल्य मान्यता अनुरुप प्रजातान्त्रिक पद्दतीको विधि द्वारा केन्द्रिय परिषद्का सदस्यहरुको सर्व सम्मति वा बहुमतबाट देहाय बमोजिमको संख्यामा पदाधिकारी एवं सदस्यहरुको छनौट गरि केन्द्रिय कार्यकारिणी समितिको गठन गरिने छ ।

**(क) अध्यक्ष - १**
**(ख) बरिष्ठ उपाध्यक्ष - ३**
**(ग) उपाध्यक्ष - ८ (१ केन्द्रिय कार्यालय र ७ प्रदेशगत)**
**(घ) महासचिव - १**
**(ङ) उप -महासचिव - १ (अध्यक्षबाट मनोनित)**
**(च) सचिव - २ (१ जना अध्यक्षबाट मनोनित)**
**(छ) सह-सचिव - १ (अध्यक्षबाट मनोनित)**
**(ज) कोषाध्यक्ष - १**
**(झ) सह - कोषाध्यक्ष - १**
**(ञ) सदस्य - २० (वीगति प्राप्त गर्नेका परिवार, निवृत्तिभरणको हकदारको परिवार र अशक्त अवकाश समेतबाट तीन जना अध्यक्षबाट मनोनित)**

**जम्मा - ३९ जना ।**

**स्पष्टिकरणः- खण्ड (ग) मा उल्लेखित प्रदेश उपाध्यक्षको रुपमा चयन भएका उपाध्यक्षलाई आवश्यकता अनुसार कामको शिलशिलामा समन्वयकारी जिम्मेवारीको लागि मात्र प्रदेशहरुमा खटाईनेछ ।**

(झ) केन्द्रीय कार्यकारिणी समितिको कुनै पदाधिकारीको पद रिक्त हुन आएमा सम्बन्धित कार्य समितिले बाँकी अवधिका लागि सो पदपुर्ति गर्नेछ ।

(ञ) कार्य समितिको कुनैपनि पदमा उम्मेद्वार हुन निम्नानुसारको योग्यता पुगेको हुनु पर्नेछ ।

१.संघको विधान अनुसार सक्रिय वा आजीवन सदस्यता लिएको हुनु पर्ने ।

२.जुन सुकै तहको कार्यकारिणी समितिको पदाधिकारी एवं सदस्यहरु पदमा वहाल रहँदा रहदै कुनै पनि अर्को कार्यकारिणी समितिको उम्मेदवार हुन पाउने छैनन् । पहिलो एक पटक लाई त्यस्तो अवस्था श्रृजना भएमा भई रहेको पुरानो पद स्वतः खारेज हुनेछ ।

३.संघको आर्थिक तथा भौतिक सम्पती हानी नोक्सानी पुर्‍याई कारवाहीमा रहेको अवस्थामा उम्मेदवार हुन पाउने छैनन् ।

४.संघको उदेश्य एवं अनुसाशन विपरीत कार्य गरी निलम्वन वा कारवाहीको प्रकृयामा रहेको अवस्थामा उम्मेदवार हुन पाउने छैनन् ।

५.सक्रिय सदस्यता लिएर कार्यकारिणी समितिमा निर्वाचित पदाधिकारी एवं सदस्यहरुले सक्रिय सदस्यता नविकरण नगरेमा स्वतः पद रिक्त भएको मानिने छ ।

**(ट) नेपाल पूर्व सशस्त्र प्रहरी संघ, केन्द्रिय कार्यालयबाट सम्पादन गरिने कार्यहरुलाई छिटो छरितो र प्रभावकारी गराउनको लागि केन्द्रिय कार्यालय अन्तर्गतका सबै तहका शाखा कार्यालयहरुसँग आवश्यक सम्पर्क, समन्वय र सहजीकरण गर्ने कार्य प्रदेशगत रुपमा निर्वाचित/मनोनित भएका उपाध्यक्षहरुले गर्नेछन् ।**

(ठ) प्रदेश संघ र जिल्ला संघहरुका बिच समन्वय गर्न आवश्यक्तानुसार सम्बन्धित प्रदेश संघहरुले आजिवन सदस्यहरुबाट उपयुक्त व्यक्तिहरु लाई जिल्ला संयोजकमा मनोनयन गर्न सक्नेछन् ।

(ड) केन्द्रिय संघ अन्तरगत रहेका प्रदेश संघका अध्यक्षहरु केन्द्रिय कार्यकारिणी समितिको पदेन सदस्य रहने व्यवस्था गरिएको ।

(१३) (१) **प्रदेश कार्यकारिणी समितिः-** स्थापीत विश्वव्यापी मुल्य मान्यता अनुरुप प्रजातान्त्रिक पद्दतीको विधि द्वारा प्रदेश परिषद्का सदस्यहरुको सर्व सम्मति वा बहुमतबाट देहाय बमोजिमको संख्यामा पदाधिकारी एवं सदस्यहरुको छनौट गरि प्रदेश कार्यकारिणी समितिको गठन गरिने छ ।

| | |
|---|---|
| (क) अध्यक्ष | - १ |
| (ख) उपाध्यक्ष | - २ |
| (ग) सचिव | - १ |
| (घ) सह- सचिव | - २ (एक अध्यक्षबाट मनोनित) |
| (ङ) कोषाध्यक्ष | - १ |
| (च) सह-कोषाध्यक्ष | - १ |
| (छ) सदस्य | - ७ (दुई अध्यक्षबाट मनोनित) |
| जम्मा | - १५ जना । |

(झ)प्रदेश संघको कार्यकारिणी समितिको कुनै पदाधिकारी एवं सदस्य पद रिक्त हुन आएमा सम्बन्धित कार्य समितिले बाँकी अवधिका लागि सो पदपुर्ति गर्नेछ ।

(ञ) कार्य समितिको कुनैपनि पदमा उम्मेद्वार हुन निम्नानुसारको योग्यता पुगेको हुनु पर्नेछ ।

१.संघको विधान अनुसार सक्रिय वा आजीवन सदस्यता लिएको हुनु पर्ने ।

२.प्रजातान्त्रीक मूल्य मान्यता र मौलिक हक अधिकारको विरुद्धमा नभई अनुभवको आधारमा समिति चुस्त बनाउनका लागि सक्रिय वा आजिवन सदस्य भएको कम्तिमा एक वर्ष पुरा भएको हुनुपर्ने ।

पुनश्च :- समितिको अध्यक्षले समावेशी दृष्टिकोण राखी मनोनित सदस्यहरुको छनौट गर्नु पर्नेछ

(१४) **जिल्ला कार्यकारिणी समितिः-** स्थापीत विश्वव्यापी मुल्य मान्यता अनुरुप प्रजातान्त्रिक पद्दतीको विधि द्वारा जिल्ला परिषद्का सदस्यहरुको सर्व सम्मति वा बहुमतबाट देहाय बमोजिमको संख्यामा पदाधिकारी एवं सदस्यहरुको छनौट गरि जिल्ला कार्यकारिणी समितिको गठन गरिने छ ।

| | |
|---|---|
| (क) अध्यक्ष | - १ |
| (ख) उपाध्यक्ष | - १ |
| (ग) सचिव | - १ |
| (घ) सह - सचिव | - १ |
| (ङ) कोषाध्यक्ष | - १ |
| (च) सह-कोषाध्यक्ष | - १ |
| (छ) सदस्य | - ७ (२ जना अध्यक्षबाट मनोनित) |
| जम्मा | - १३ जना । |

(२) जिल्ला कार्य समितिमा कुनै पदाधिकारीको पद रिक्त हुन आएमा सम्बन्धित कार्य समितिले बाँकी अवधिको लागि मात्र सो पद पुर्ति गर्नेछ ।

(३) कार्य समितिको कुनैपनि पदमा उम्मेद्वार हुन निम्नानुसारको योग्यता पुगेको हुनु पर्नेछ ।

क. संघको विधान अनुसार सक्रिय वा आजीवन सदस्यता लिएको हुनु पर्ने ।

ख. प्रजातान्त्रीक मूल्य मान्यता र मौलिक हक अधिकारको विरुद्धमा नभई अनुभवको आधारमा समिति चुस्त बनाउनका लागि सक्रिय वा आजिवन सदस्य भएको कम्तिमा एक वर्ष पुरा भएको हुनुपर्ने ।

पुनश्च :- समितिको अध्यक्षले समावेशी दृष्टिकोण राखी मनोनित सदस्यहरुको छनौट गर्नु पर्नेछ ।

(१५) **पदावधिको समाप्ति :-**

(क) विधानमा तोकिएको अवधि समाप्त भएमा,

(ख) साधारण सदस्य नरहेमा,

(ग) केन्द्र, प्रदेश र प्रदेश अर्न्तगत गठित परिषद्को वार्षिक सभा वा विशेष सभामा पदाधिकारी बिरुद्ध अविश्वासको प्रस्ताव आई पारित भएमा,

(घ) सम्बन्धित व्यक्तिले राजीनामा लिई स्विकृत भएमा,

(ङ) मानशिव कारण नभई लगातार ३ पटक सम्म नियमित अनिवार्य बैठकमा अनुपस्थित रहेमा,

(च) कार्यकारिणी समितिका पदाधिकारी वा सदस्यहरुले संघको अहित अथवा विधान विपरित कार्य गरेमा उक्त समितिका २/३मतले त्यस्ता पदाधिकारी वा सदस्यलाई कार्यकारिणी समितिमा रहेको पदबाट हटाउन सक्नेछन्

(छ) संघको अहित हुने कार्य गरेमा मनोनित सदस्यलाई अध्यक्षबाट हटाउन सकिनेछ ।

(ज) केन्द्रीय तथा जिल्ला परिषद्का सदस्यले सदस्यता त्याग गर्न लिखित राजीनामा दिएमा सम्बन्धित कार्य समितिले सो राजीनामा स्वीकृत गर्न सक्नेछ ।

(झ) केन्द्रीय तथा जिल्ला कार्यकारिणीका पदाधिकारी तथा सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिएमा सम्बन्धित कार्यकारिणी समितिले स्वीकृत गर्न सक्नेछ ।

(ञ) केन्द्रिय संघको शाखाको रुपमा स्थापीत प्रदेश तथा जिल्ला संघहरु केन्द्रिय संघको नीतिनिर्देशनको अधिनमा नरहेमा त्यस्ता प्रदेश तथा जिल्ला संघ,तथा कार्यकारिणी अध्यक्ष लगायत समितिका सदस्यहरुलाई निलम्वन गर्न सक्ने छ। प्रर्याप्त आधार भएमा प्रदेश तथा जिल्ला संघका कार्यकारिणी समितिलाई केन्द्रिय कार्यकारिणी समितिले नियम अनुसार प्रकृया पुरागरी हटाउन सक्ने छ।

**(१६) <u>कार्यकारिणी समितिको काम, कर्तव्य</u> :-** समितिको काम, कर्तव्य देहाय बमोजिम हुनेछ -

(क) संघको उदेश्य, हित र समुन्नतिका लागि कार्य गर्ने,
(ख) सम्मेलनबाट पारित प्रस्तावहरुको कार्यन्वयन गर्ने,
(ग) प्रत्येक वर्षको बजेट तर्जुमा गर्ने,
(घ) आर्थिक नियमको परिधि भित्र रही बिनियोजित रकम उदेश्य पूर्ण कार्यमा खर्च गर्ने,
(ङ) रजिस्टर्ड लेखा परिक्षकबाट लेखा परिक्षण गराउने,
(च) विधानको मुल भावना अनुरुप आवश्यकता अनुसारका नियमहरु बनाई लागू गराउने,
(छ) कार्यक्रम तथा दैनिक प्रशासनको लागि बैतनीक कर्मचारीहरु नियुक्त गर्ने,
(ज) संघको कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्न गराउन सुपरिवेक्षक नियुक्त गर्ने,
(झ) सदस्यहरुको बीचमा अनुशासन, एकता, भातृत्व भाव, आपसि सहयोग र सद्भावना अभिवृद्धि गराउने,
(ञ) संघको प्रतिनिधित्व स्वदेश तथा विदेशमा गराउने,
(ट) सदस्यता अभियान निरन्तर बढाउने,
(ठ) पूर्व सशस्त्र प्रहरीको नामावली तथा निजहरुले प्राप्त गरेको सीपको विवरण अध्यावधिक गरि अभिलेख राख्ने,
(ड) कल्याणकारी योजनाहरु तर्जुमा गरी लागू गर्ने।

**(१७) <u>कार्यकारिणी समितीको बैठक</u>:-**सामान्यतया सबै तहका कार्यकारीणी समितीहरुको बैठक कम्तीमा पनि महिनामा एक पटक समितिले तोके वमोजिम आ-आफ्नो समितिको स्थानहरुमा नै हुनेछ। आवश्यकतानुसार महिनामा जतिपटक पनि बैठक बस्न बाधा पर्ने छैन तर बैठक मितव्ययीपूर्ण ढंगबाट संचालन गर्नुपर्नेछ।

**(१७)** (क) संघका सल्लाहकारहरु र उप समितिहरुका संयोजक एवं सदस्यहरु सहितको संयुक्त बैठक आर्थिक वर्ष सुरु भएको प्रत्येक ३/३ महिनामा राख्ने व्यवस्था केन्द्रिय कार्यकारी समितिले मिलाउने छ।

**(१८) <u>अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ</u> :-**

(क) कार्यकारिणी समितिको मुख्य पदाधिकारीको रुपमा कार्य गर्ने अर्थात बैठकको सभापतित्व गर्ने।
(ख) सम्मेलन, साधारण सभा र बैठकको अध्यक्षता गर्ने।
(ग) सम्मेलन, साधारण सभा र बैठकमा मत बरावर भएमा निर्णयको मत दिने।
(घ) समितिको निर्णय अनुसार उपसमिति बनाउने।
(ङ) सम्मेलनद्धारा पारित गरिएका प्रस्ताव तथा बैठकका निर्णयहरु कार्यान्वयन गराउने।
(च) आर्थिक कारोवार प्रमाणित गर्ने।
(छ) संघको तर्फबाट गर्ने सबै प्रकारको प्रतिनिधित्व गर्ने तथा आवश्यकता अनुसार प्रतिनिधि मण्डल तोक्ने।
(ज) संघको प्रशासनिक काम सुचारु रुपले सञ्चालनको लागि कुनै अन्य पदाधिकारी वा सदस्यलाई मुकरर गर्ने।

**(१९) <u>बरिष्ठ उपाध्यक्ष/उपाध्यक्षको काम, कर्तव्य</u> :-**

(क )अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने काममा बरिष्ठ उपाध्यक्षले गर्ने र बरिष्ठ उपाध्यक्षको पनि अनुपस्थितिमा अध्यक्षले गर्ने काम उपाध्यक्षले गर्ने र अध्यक्षलाई हरेक कार्यमा सहयोग पुऱ्याउने।
(ख) अध्यक्षले कुनै काम गर्न अधिकार प्रत्यायोजन गरि दिएमा सो कार्य गर्ने।
(ग) संघका विभिन्न उपसमितिहरुको समन्वय र ति उपसमितिहरुको कार्यमा सहजिकरणका लागि प्रयास गर्ने।
(घ) संघका प्रशासनिक काम कारवाहीहरुको रेखदेख नियन्त्रण र निर्देशन गर्ने।
(ङ) संघको लागि आवश्यक योजनाहरु बनाउने।

**(२०) <u>महासचिवको काम, कर्तव्य र अधिकार</u> :-** महासचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) केन्द्रिय अध्यक्षको निर्देशनमा केन्द्रिय कार्यकारिणी समितिको बैठक र केन्द्रीय परिषद्को बैठक बोलाउने।
(ख) बैठक, सम्मेलनको कार्य सूचि तयार गर्ने।
(ग) समितिको तर्फबाट पत्राचार गर्ने।
(घ) वार्षिक प्रगति प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने।
(ङ) समितिको कार्यालयको चल अचल सम्पतिको संरक्षण गर्ने।
(च) केन्द्रीय कार्यकारीणी समिति र केन्द्रिय परिषद्ले पारित गरेका प्रस्तावहरु कार्यान्वयन गराउने।
(छ) केन्द्रीय कार्यकारीणी समिति र केन्द्रिय परिषद्को बैठकहरुमा भए गरेका काम कारवाहीको अभिलेख राख्ने।
(ज) कार्यकारिणी समितिको कर्मचारी उपर आवश्यक रेखदेख नियन्त्रण गर्ने।

(२०) ( क) **उप-महासचिवको काम, कर्तव्य र अधिकार** :- उप-महासचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) केन्द्रिय अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष र महासचिवको आदेशमा संघका काम कार्यहरु सम्पादन गर्ने गराउने ।

(ख) महासचिवको अनुपश्थितिमा महासचिवले गर्ने भनि तोकिएका सम्पूर्ण कार्यहरु उप-महासचिवले सम्पादन गर्ने गराउने ।

(ग) प्रदेश तथा जिल्ला संघको नाममा स्थापित शाखा संघहरुसँग नियमित सम्पर्क समन्वयमा रही संघ संचालनमा आवश्यक सुझाव उपलब्ध गराउने ।

(घ) मातहत शाखा संघहरुको गतिविधिहरु केन्द्रिय अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष र महासचिवलाई जानकारी गराउने ।

(ङ) मातहत शाखा संघहरुको गतिविधिहरु माथि रेखदेख नियन्त्रण, प्रशिक्षण र निर्देशनको कार्यहरु गर्ने गराउने ।

(च) संघलाई समष्टिगत रुपमा व्यवस्थित र प्रभावकारी बनाउन योजना बनाउने ।

(२१) **केन्द्रिय सचिवको काम, कर्तव्य र अधिकार :-** केन्द्रिय सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क)महासचिव र उप-महासचिवको अनुपस्थितिमा निजलाई तोकिएको जिम्मेवारीको सम्पूर्ण कार्य सचिवले सम्पादन गर्ने ।

(ख) महासचिव र उप-महासचिवको कार्यमा सहयोग गर्ने ।

(ग) समितिको बैठकबाट सचिवले गर्ने भनि तोकिएको कामहरु गर्ने ।

(घ) प्रदेश तथा सो अन्तर्गत गठित संघका सचिवको काम, कर्तव्य र अधिकार :- प्रदेश तथा अन्य संघका सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(१) अध्यक्षको सल्लाह तथा निर्देशनमा कार्यकारिणी समिति तथा परिषद्को बैठक बोलाउने ।

(२) बैठकहरुको कार्य सूचि तयार गर्ने ।

(३) समितिको तर्फबाट पत्राचार गर्ने ।

(४) वार्षिक प्रगति प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने ।

(५) समितिको कार्यालयको चल अचल सम्पतिको संरक्षण गर्ने ।

(६) प्रदेश सम्मेलन, जिल्ला तथा स्थानिय सम्मेलनमा समितिले पारित गरेको प्रस्तावहरु कार्यान्वयन गराउने ।

(७) प्रदेश सम्मेलन, जिल्ला तथा स्थानिय सम्मेलन तथा समितिको बैठकहरुमा भए गरेका काम कारवाहीको अभिलेख राख्ने ।

(८) कार्यकारिणी समितिको कर्मचारी उपर आवश्यक रेखदेख नियन्त्रण गर्ने ।

(२२) **कोषाध्यक्षको काम, कारवाही र अधिकार :-** कोषाध्यक्षको काम, कारवाही र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) संघको आर्थिक कारोवार आफ्नो जिम्मामा राखी अध्यक्षको आदेश अनुसार खर्च गर्ने र कोषको सदुपयोग गर्न उचित व्यवस्था मिलाउने ।

(ख) आय व्ययको हिसाब राख्ने ।

(ग) संघको कोष वृत्तिको लागि आर्थिक कार्यक्रम तर्जुमा गरी समिति समक्ष पेश गर्ने ।

(घ) बजेट बनाउने, आय व्ययको हिसाब लेखा परिक्षण गराउने र समिति सम्मेलनमा पेश गर्ने ।

(ङ) संघको सम्पुर्ण आर्थिक कारोवारहरु बैंक मार्फत मात्र संचालन गर्ने, बैंकको खाता संचालन गर्न अध्यक्ष, महासचिव र कोषाध्यक्ष मध्ये कुनै दुई जनाको संयुक्त हस्ताक्षर प्रयोग गर्ने र खर्चका फाँटवारीहरुमा भने उल्लेखित तिनै जना पदाधिकारीहरुको हस्ताक्षर हुनेछ । दुई जनाको दस्तखत आवश्यक पर्ने ठाँउमा कोषाध्यक्षको दस्तखत अनिवार्य हुनेछ ।

(च) संघका सम्पुर्ण आर्थिक कारोवारहरु पछि केन्द्रीय परिषद्को सभाबाट अनुमोदन गराउने गरी तत्काललाई कार्यकारीणी समितिको निर्णय अनुसार मात्र कार्यन्यन गर्ने गराउने ।

(२३) **सह-कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :-** सह-कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) कोषाध्यक्षको अनुपस्थितिमा निजले गर्नु पर्ने सम्पूर्ण काम कारवाही गर्ने ।

(ख) कोषाध्यक्षलाई सहयोग गर्ने ।

(ग) समितिबाट सह-कोषाध्यक्षले गर्ने भनि तोकिएका कार्य सम्पादन गर्ने ।

(२३) **१ सबै तहका कार्यकारी सदस्यहरुको काम, कर्तव्य र अधिकार :-** कार्यकारी सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको नियमित र आवश्यक परि बोलाइएको बैठकहरुमा उपस्थित हुने ।

(ख) समितिले दिएका जिम्मेवारीहरु पूर्ण रुपमा वहन गर्ने ।

(ग) संघका गतिविधिहरुमा सक्रिय रहने ।

(२४) **नीति तर्जुमा तथा परामर्श समिति र आवश्यक विषयगत समितिहरुको गठन तथा काम काम, कर्तव्य र अधिकार :-**

**नेपाल पूर्व सशस्त्र प्रहरी संघको आवश्यक योजना तथा गतिविधिहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि केन्द्रिय कार्यसमितिको अन्तर्गतमा देहाय बमोजिमको विभिन्न समितिहरु रहनेछन् ।**

**(१) नीति तर्जुमा तथा परामर्श समितिः-**

**सशस्त्र प्रहरी बल, नेपाल र नेपाल पूर्व सशस्त्र प्रहरी संघ बीच आवश्यक समन्वय गरी कल्याणकारी कार्य संचालन गर्न तथा नीतिगत सल्लाह सुझाव र परामर्श दिनको लागि एक नीति तर्जुमा तथा परामर्श समिति गठन गरिनेछ ।**

**(२) नीति तर्जुमा तथा परामर्श समितिको काम, कर्तव्य र अधिकारः-**

**(क) सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय कल्याणकारी सेवाकेन्द्रद्धारा सञ्चालन गरिने कल्याणकारी योजनाहरुको लाभ अवकाश प्राप्त तथा पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा पनि उपलब्ध गराउन सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय र नेपाल पूर्व सशस्त्र प्रहरी संघबीच आवश्यक समन्वय गर्ने ।**

**(ख) पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुको लागि विभिन्न कल्याणकारी योजनाहरु तयार गरी लागु गराउनको लागि आवश्यक नीति तथा योजना र राय सुझाव तयार गरी सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय र नेपाल पूर्व सशस्त्र प्रहरी संघमा प्रस्तुत गर्ने ।**

**(ग) पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुको हक, हित र सम्मानजनक जीवनयापनको विषयमा खोज तथा अध्ययन गरी सुझाव सहितको योजना तयार गर्ने ।**

**(घ) नेपाल ए.पि.एफ.अस्पताल र ए.पि.एफ स्कुलमा अवकाश प्राप्त सशस्त्र प्रहरी र पूर्व सशस्त्र प्रहरी कर्मचारी तथा निजहरुको आश्रित परिवारलाई प्राप्त हुने सेवा सुविधाहरु वृद्धि गर्ने सम्बन्धमा आवश्यक योजना तयार गर्ने ।**

**(३) विषयगत समितिहरुः- उप नियम (१) बमोजिमको समितिलाई सहयोग पुऱ्याउनको लागि देहाय बमोजिमको विषयगत समितिहरु रहनेछन् ।**

**(क) तालिम, शिक्षा, स्वास्थ्य र कल्याण समिति**

- संघका सदस्य र आश्रीत परिवारका सदस्यहरुलाई व्यवसायमूलक उपयोगी तालिम प्रदान गर्न, संघको उद्देश्य एवं अबधारण, मूल्यमान्यता र सिद्धान्तका बिषयमा शैक्षिक गोष्ठि/सेमिनार सञ्चालन गर्न, स्वास्थ्य, सरसफाई जस्ता आधारभूत बिषयहरुमा जनचेतना र सेवा पुऱ्याउन त्यस्तै गरेर खासगरी निम्न आयस्तर भएका सदस्यहरुको कल्याणका लागि गर्न सकिने बिभिन्न क्रियाकलापका सम्बन्धमा नियम ३ को उपनियम (ख) र नियम ३४ को उप नियम ३ अनुसार विस्तृत अध्ययन गरी रायसुझावको रुपमा कार्यकारीणी समितिलाई नियमित प्रतिबेदन पेशगर्ने ।

**(ख) आन्तरिक लेखापरीक्षण समिति**

- संघको आन्तरिक लेखापरीक्षण गर्ने, संघको अन्तिम लेखापरीक्षण गर्नमा सहयोग पुऱ्याउने, संघका समग्र आर्थिक क्रियाकलापहरुको अनुगमन गर्ने र संघबाट भएका कामकारवाहीहरु नियम सम्वतरुपमा भएनभएको एकिनगरी नियम ३ को उप नियम (क) अनुसार सुधार गर्नुपर्ने भए सो समेतको रायसुझाव र संघका गतिबिधि प्रकाशन गरी बिभिन्न ठाऊँमा पुऱ्याउने व्यवस्थापन सम्बन्धमा रायसुझावको रुपमा कार्यकारीणी समितिलाई नियमित प्रतिबेदन पेशगर्ने ।

**(ग) कानून तथा परामर्श समिति**

- संघका गतिबिधिहरु सञ्चालन गर्दा आईपर्न सक्ने कानूनी उल्झन र संघका सदस्य एवं आश्रीत परिवारका सदस्यहरुलाई रोजगारीको वातावरण श्रृजना गर्ने तर्फको व्यवस्थापनका लागि नियम ३ को उप नियम (घ) र नियम ३४ को उपनियम ४ अनुसार विस्तृत अध्ययन गरी रायसुझावको रुपमा कार्यकारीणी समितिलाई नियमित प्रतिबेदन पेशगर्ने ।

**(घ) संस्थागत सामाजिक उत्तरदायित्व समिति**

- उद्देश्य र मर्मअनुरुप संघको तर्फबाट सामाजिक उत्तदायित्व बहन गर्न धार्मिक क्रियाकलापहरु देखि दैबि प्रकोप सम्मका क्षेत्रमा आर्थिक क्षमता अनुसार समाजमा योगदान पुऱ्याउने तर्फ गर्न सकिने क्रियाकलापहरुको नियम ३ को उपनियम ङ, च, छ र नियम ३४ को १ अनुसार विस्तृत अध्ययन गरी रायसुझावको रुपमा कार्यकारीणी समितिलाई नियमित प्रतिबेदन पेशगर्ने ।

**(ङ) बर्गीय हकहीत संरक्षण समिति**

- अबकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुको हक, अधिकार र हीतको संरक्षण, सम्बर्द्धनमा नेपाल सरकार, सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रसँग निकटतम सम्बन्ध, समन्वय र आपसी समझदारी कायम राखी सांगठानिक हीतमा काम गर्ने सम्बन्धमा नियम ३ को उपनियम ग र नियम ३४ को उपनियम २ अनुसार विस्तृत अध्ययन गरी रायसुझावको रुपमा कार्यकारीणी समितिलाई नियमित प्रतिबेदन पेशगर्ने ।

**(च) आर्थिक श्रोत व्यवस्थापन समिति**

- संघमा सदस्यता अभिबृद्धि, नेपाल सरकारबाट अनुदान, अन्य संघ संस्था तथा व्यक्तित्वहरुबाट अनुदान तथा आर्थिक सहयोग, आय आर्जन हुने खालका आर्थिक क्रियाकलाप, बैदेशिक सहयोग समेत प्राप्त गर्ने तर्फ विभिन्न योजना र कार्यान्वयनको सम्बन्धमा नियम ३३ अनुसार विस्तृत अध्ययनगरी रायसुझावको रुपमा कार्यकारीणी समितिलाई नियमित प्रतिबेदन पेशगर्ने ।

**(छ) राष्ट्रिय सम्पर्क समिति**

- संघका सदस्यहरु, आश्रीत परिवार, अनाथ बालबालिका, बृद्धबृद्धा, अशक्तहरुको हीतमा काम गर्ने राष्ट्रिय परोपकारी संघ संस्थाहरु, बिभिन्न सेवाका राष्ट्रिय तथा अन्तराष्ट्रिय पूर्व राष्ट्रसेवक संघ संगठनहरु, स्थानीय निकाय, अन्तराष्ट्रिय दातृ निकायहरु र संघबाट सञ्चालन गरिने गतिबिधिहरु सँग सम्बन्धित पक्षहरु सँग सम्पर्क, समन्वय, सहयोग र सहकार्यको वातावरण बनाई नियम ३ को उपनियम (ज) र नियम ६ को उपनियम (६) अनुसार विस्तृत अध्ययन गरी रायसुझावको रुपमा कार्यकारीणी समितिलाई नियमित प्रतिबेदन पेश गर्ने ।

**(ज) अमर सशस्त्र प्रहरी परिवार समन्वय समिति**

- अमर सशस्त्र प्रहरीका परिवारहरुको कानूनद्धारा प्रदत्त हक, अधिकार, हित, संरक्षण र सम्बर्धन जस्ता विषयहरुमा कार्य गर्ने र समस्याहरु देखिएमा समाधानार्थ राय सुझावको रुपमा कार्यकारिणी समितिमा नियमित प्रतिवेदन गर्ने ।

**(झ) सुचना तथा गतिविधि प्रकाशन समिति**

- नेपाल पूर्व सशस्त्र प्रहरी संघले सम्पादन गरेका कार्यहरु सम्बन्धित निकाय, अवकाश प्राप्त तथा पूर्व सशस्त्र प्रहरी कर्मचारी र आश्रित परिवार तथा सर्वसाधारण समक्ष जानकारी गराउनको लागि विभिन्न विद्युतिय माध्यम वा प्रकाशन मार्फत सूचना प्रवाह गर्न वा गतिविधि प्रकाशन गर्ने ।

**(४) उप नियम (१) र (३) बमोजिम उल्लेखित समितिहरुको गठन केन्द्रिय कार्यकारिणी समितिको बैठकबाट मनोनयन गरी गरिने छ ।**

**(५) सबै समितिमा एक जना संयोजक र एक जना सह-संयोजक समेत गरी बढीमा ५ जना सम्म सदस्य सदस्यहरु रहनेछन् ।**

**(६) उप नियम (५) बमोजिम गठित समितिको पदावधि कार्यकारीणी समितिको पदावधि सँगै समाप्त हुनेछ ।**

**(७) समितिहरुको बैठक आवश्यकताअनुसार बस्न सक्नेछ ।**

**(८) समितिहरुको बैठक बोलाउने जिम्मेवारी सम्बन्धित समितिको संयोजकको हुनेछ ।**

**(९) समितिहरुले आ-आफ्नो काम कारबाहीको बिषयमा बैठकको कार्यसूचि तयार गर्नेछन ।**

**(१०) समितिका बैठकहरुमा भएका कामकारबाहीहरुको अभिलेख सम्बन्धित समितिहरुले अलग-अलग राख्नेछन ।**

**(११) आ-आफ्ना समितिका काम कारबाहीहरु उपर रेखदेख तथा नियन्त्रण गर्ने कार्य सम्बन्धित समितिका संयोजकले गर्नेछन ।**

**(१२) केन्द्रिय कार्यकारिणी समिति, नीति तथा परामर्श र विषयगत समितिहरु बीच एकआपसमा समन्वय कायम गरी कार्य सम्पादन गर्ने व्यवस्था सम्बन्धित संयोजकहरुले मिलाउनु पर्नेछ ।**

**(२५) (१) पदावधी:-** नेपाल पूर्व सशस्त्र प्रहरी संघ अन्तर्गत सबै तहका कार्यकारिणी समितिका पदाधिकारी एवं सदस्यहरुको पदावधी ३ वर्षको हुनेछ । पदाधिकारी एवं सदस्यहरुको पदावधी पुरा भई अर्को समितिको चयन नभए सम्म साविककै समितिले कार्य संचालन गर्ने छ ।

(२५) (१)(क) सबै तहका कार्यकारिणी समितिहरुमा रहेका पदाधिकारीहरु यस भन्दा पछाडी सामान्यतया २ कार्यकाल भन्दा बढि एउटै पदमा रहन पाउने छैनन् ।

(२) निर्वाचन सम्बन्धी व्यवस्था :-

प्रजातान्त्रिक मूल्य, मान्यता अनुरुप संचालित संघमा निर्वाचन व्यवस्था विना स्वतन्त्र न्याय प्राप्त हुन नसक्ने भएकाले प्रजातन्त्र र स्वतन्त्र न्यायको सिद्धान्त अनुरुप देहाय बमोजिमको कार्यबिधि अपनाउने गरी निर्वाचन सम्बन्धी व्यवस्था गरिएको छ ।

(क) संघका सबै तहका कार्यकारीणी समितिका पदाधिकारीहरुको चयन गर्न संघका आजीवन तथा सक्रिय सदस्यहरुबाट गोप्य मतदानद्वारा निर्वाचन हुनेछ ।

(ख) कुनै पनि तहको कार्य समितिको पदाधिकारीको चयन गर्न निर्वाचन गराउँदा कम्तिमा ३ जना देखि बढिमा ५ जना सम्म पदाधिकारीहरु रहने निर्वाचन समिति गठन सम्बन्धित कार्य समितिले गर्नेछ ।

(ग) निर्वाचन समिति गठन गर्दा कार्य समितिको निर्वाचनमा कुनैपनि पदको उमेद्वार नहुने मध्येका सकेसम्म निर्वाचन सम्बन्धी विज्ञ सदस्यहरुलाई छनौट गरी निर्वाचन समितिमा राख्नुपर्नेछ ।

(घ) निर्वाचन सम्बन्धी विज्ञ सदस्यहरु नभएमा सदस्य भन्दा बाहिरबाट पनि निर्वाचन सम्बन्धी एकजना विज्ञको सहयोग प्राप्त गर्न बाधा पर्ने छैन ।

(ङ) उमेद्वारी दिने, फिर्ता लिने, सनाखत गर्ने, निर्विरोध निर्वाचित गराउने देखि मत पत्र बनाउने, मतदान गराउने, मतपत्र गणना, निर्वाचनको अन्तिम घोषणा गराउने सम्मका सम्पूर्ण कार्यहरु रितपूर्वक निर्वाचन समितिले बिना भेदभाव स्वतन्त्ररुपमा सम्पन्न गराउनु पर्नेछ ।

(च) कार्यकारीणी समितिको कुनै पनि जिम्मेवारीको पदमा बसेर स्वयम् सेवकीय काम गर्न इच्छुक भई उम्मेद्वारी दिने सदस्यहरुले पछि फिर्ता नहुने गरि उम्मेद्वारी फाराम लिँदाका बखत निर्वाचन समितिले तोके अनुसारको उम्मेद्वारी शुल्क बुझाउनु पर्नेछ ।

(छ) उमेद्वारी आबेदन फारामको नमुना अनुसूचि १ (क) अनुसार हुनेछ ।

(ज) संघ संचालनको सम्पूर्ण जिम्मेवारी लिन निर्वाचित भएका पदाधिकारी एवं सदस्यहरुलाई निर्वाचित भएको प्रमाण - पत्र दिने कार्य पनि निर्वाचन समितिबाटै हुनेछ ।

सपथ गराउने :- निर्वाचित अध्यक्ष लाई निवर्तमान अध्यक्षबाट र अन्य पदाधिकारी एवं सदस्यहरु लाई अध्यक्षबाट सपथ ग्रहण हुनेछ ।

(झ) निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थीत गर्नेछन् ।

(ञ) निर्वाचन सम्बन्धि विवाद उत्पन्ने भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णयनै अन्तिम हुनेछ ।

(ट) निर्वाचन सम्पन्न भए पछी निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

## परिच्छेद - ५

**(२६) महा सम्मेलन :-**

(क) केन्द्रीय परिषद्का सदस्यहरु तथा प्रदेश र सो अन्तर्गतका गठित कार्यकारिणी समितिका पदाधिकारी एवम् सदस्यहरु केन्द्रिय स्तरमा हुने महा सम्मेलनमा सहभागी हुनेछन् ।

**(२७) प्रदेश तथा जिल्ला सम्मेलन :-**

(१) प्रदेश तथा जिल्ला सम्मेलनमा देहाय बमोजिम सहभागिता रहनेछ -

(क) प्रदेश र जिल्ला कार्यकारिणी समितिका पदाधिकारी सदस्यहरु,

(ख) प्रदेश र जिल्ला परिषद्का सबै सदस्यहरु,

(२) केन्द्रीय कार्यकारिणीले उपयुक्त देखेमा प्रदेश तथा जिल्ला सम्मेलनमा केन्द्रका तर्फबाट पदाधिकारी, सदस्य वा कर्मचारीलाई पर्यवेक्षकको रुपमा खटाउन सक्नेछ ।

**(२८) बार्षिक साधारण सभा :-**

**(१) नेपाल पूर्व सशस्त्र प्रहरी संघको वार्षिक साधारण सभा सामान्यतया वर्षमा एक पटकमा बस्नेछ ।**

**(२) केन्द्रीय साधारण सभामा नेपाल पूर्व सशस्त्र प्रहरी संघका सम्पूर्ण आजिवन तथा सक्रिय सदस्यहरु सहभागि हुनेछन् ।**

**(३) प्रदेश साधारण सभामा प्रदेश भित्रका सम्पूर्ण आजिवन तथा सक्रिय सदस्यहरु सहभागि हुनेछन् ।**

**(४) जिल्ला साधारण सभामा जिल्ला भित्रका सम्पूर्ण आजिवन तथा सक्रिय सदस्यहरु सहभागि हुनेछन् ।**

**(५) केन्द्रिय साधारण सभामा सशस्त्र प्रहरी बल नेपाल कल्याणकारी सेवाकेन्द्र, नेपाल ए.पि.एफ.अस्पताल, नेपाल ए.पि.एफ.स्कूल समेतका प्रतिनिधिहरु पर्यवेक्षकको रुपमा रहनेछन् ।**

**(६) केन्द्रिय कार्यालय अर्न्तगतका विभिन्न तहका शाखाहरुको साधारण सभामा सशस्त्र प्रहरी बल नेपाल कल्याणकारी सेवाकेन्द्रले तोके अनुसारका प्रतिनिधिहरु पर्यवेक्षकको रुपमा रहनेछन् ।**

**(७) केन्द्रिय कार्यालय अर्न्तगतका विभिन्न तहका शाखाहरुका साधारण सभामा नेपाल पूर्व सशस्त्र प्रहरी संघ केन्द्रिय कार्यालयबाट प्रतिनिधी एवं अतिथि तोकी पठाउन सक्नेछ ।**

**(२९) परिषद्को साधारण विशेष सभा** :- केन्द्रीय, प्रदेश, जिल्ला तथा अन्य स्थानिय स्तर सभामा छलफल गर्न र निर्णय हुनुपर्ने स्थिति उत्पन्न भई समितिले आवश्यक सम्झेमा वा केन्द्रीय परिषद्, प्रदेश परिषद्, जिल्ला परिषद् वा स्थानिय परिषद्का पच्चिस प्रतिशत सदस्य संख्याले आवश्यक सम्झी बिशेष साधारण सभा बोलाउन लिखित माग गरेमा सम्बन्धित कार्यकारिणी समितिबाट विशेष साधारण सभा बोलाईने छ । यस्ता विशेष साधारण सभामा आवश्यक हुन गएको सम्बन्धित विषय उपर मात्र छलफल गरी निर्णय लिईनेछ ।

**(३०) गणपुरक संख्या :-**

(क) संघका सबै स्तरको कार्यकारिणी समितिको बैठक बस्ता सो समितीको २।३ (दुई तिहाई) सदस्य उपस्थिती भएमा गणपुरक सदस्य मानिने छ । कार्यकारिणी समितीको बैठक बोलाएको बेला गणपुरक संख्या नपुगे सो दिन बैठक स्थगित गरी अर्को दिन बैठकको समय तोकिने छ ।

(ख) दोस्रो पटक बसेको समितिको बैठकमा समेत सो गणपुरक संख्या नपुगेमा उपस्थित संख्याले नै बैठक बसी निर्णय गरेको सदर मानिनेछ ।

(ग) कार्यकारिणी समितिको निर्वाचनमा नियमानुसार जानकारी दिंदा जे जति सदस्यहरु उपस्थित हुन्छन् उनैबाट निर्वाचन सम्पन्न गराईनेछ ।

**(घ) विधान संशोधन र अविश्वासको प्रस्ताव उपर छलफल तथा पारितको लागि साधारण सभामा उपस्थित संख्याको २/३ बहुमत आवश्यक हुनेछ ।**

**(३१) प्रस्ताव पारित हुन आवश्यक मत :-** केन्द्रीय परिषद्, प्रदेश परिषद्, जिल्ला र अन्य परिषद्को साधारण सभा तथा विशेष साधारण सभामा विधान संशोधन र समितिका पदाधिकारी, सदस्यहरु उपर अविश्वासको प्रस्ताव पारित हुनका लागि उपस्थित सक्रिय सदस्य संख्याको दुईतिहाई बहुमत आवश्यक हुनेछ । अन्य प्रस्तावहरु साधारण बहुमतद्धारा पारित हुनेछ ।

**(३२) प्रस्ताव राख्ने तरिका :-**

(क) केन्द्रीय परिषदमा छलफल हुनुपर्ने प्रस्तावहरु समेतको कार्य पत्र मस्यौदा समितिका तर्फबाट प्रस्तुत भए पछि अनुमोदनको लागि सो उपर छलफल गरिनेछ ।

**(ख) अविश्वासको प्रस्ताव :-**

(१) अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारी एवं सदस्यहरुको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई संघमा दर्ता गर्नु पर्नेछ ।

(क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्दछ ।

(ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्दछ ।

(ग) साधारण सभाका सदस्यहरु मध्येबाट १/४ (एक चौथाई) सदस्यहरुको प्रस्ट नामथर र ठेगाना सहित खुलाई सही भएको हुनुपर्दछ ।

(२) उपदफा १ बमोजिम संघमा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान मिति समय समेत तोकी संस्थाको साधारण सभाका सम्पूर्ण पदाधिकारी एवं सदस्यहरुलाई विधानको नियम ११ को (घ) वमोजिम साधारण सभा वा विशेषसाधारण सभा समक्ष प्रस्तुत गर्नेछ ।

(३) **अविश्वासको प्रस्तावमाथी छलफलको प्रकिया :-**

(क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तीले सभामा उपदफा १ वमोजिम प्रस्ताव पेश गर्न अनुमती दिने छ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफनो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

(ख) उपदफा ३ (क) वमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछी सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य ३ जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमती दिन सक्ने छ ।

(ग) उपदफा (१) वमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारी एवं सदस्य विरुद्ध प्रस्तुत गरिएको हो अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारी एवं सदस्यलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागी आफ्नो भनाईहरु राख्न अनुमति दिईनेछ ।

**(४) अविश्वासको प्रस्ताव माथी निर्णय :-**

(१) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछी अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागी देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

(क) अविश्वासको प्रस्ताव पक्षमा मत प्रकट गर्न एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्टयाएर वा

(ख) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

(२) साधारण सभाको कुल सदस्य संख्याको २/३ (दई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुने छ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पदमुक्त हुने छन् ।

(३) निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पूनः अविश्वासको प्रस्ताव ल्याउन पाईने छैन ।

(४) साधारण सभाको अध्यक्षता विधान वमोजिम संघका अध्यक्ष बाटै हुने र अध्यक्ष माथी नै अविश्वासको प्रस्ताव आएमा बरिष्ठ उपाध्यक्ष मध्ये सभामा उपस्थीत जेष्ठ उपाध्यक्षले सभाको अध्यक्षता गर्नेछन् ।

## परिच्छेद - ६

**(३३) संघको आर्थिक व्यवस्था र कोष :-**

(१) संघको आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन ।

(क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

(ख) कसैले स्वइच्छाले दिएको अनुदान र सहायतता वापत प्राप्त रकम ।

(ग) संस्थाको चल अचल सम्पती वा अन्य वस्तुको विक्रिवाट प्राप्त रकम ।

(घ) विदेशी संस्था व्यक्ती वा अन्तराष्ट्रिय संघ संस्थाबाट सहयोग वापत प्राप्त रकम ।

(ङ) नेपाल सरकार र स्थानिय निकायवाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।

(च) स.प्र.बल नेपाल कल्याणकारी सेवा केन्द्रबाट प्राप्त हुने रकम ।

(छ) संघले संचालन गरेको विविध कार्यबाट आर्जन भएको रकम ।

(ज) विभिन्नं बैंकहरुबाट ब्याज स्वरुप प्राप्त हुने रकम ।

(झ) विदेशी संघ संस्था वा व्यक्तीबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संघले नेपाल सरकार र समाज कल्याण परिषद् बाट स्वीकृत लिनेछ ।

(ञ) संघमा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्नेछ ।

(ट) अचल सम्पतीको विक्री गर्दा स्थानिय अधिकारीको स्वीकृती लिईनेछ ।

**(१क) विधानको नियम (३४) (२) (च) बमोजिमको कार्यक्रम सञ्चालन गर्नको लागि नेपाल पूर्व सशस्त्र प्रहरी संघ केन्द्र तथा प्रदेश, जिल्ला र ईकाइ कार्यालयहरुमा छुट्टा-छुट्टै विषयगत अक्षयकोषहरु संचालन गर्न सकिनेछ । उपर्युक्त अनुसारको अक्षयकोषहरु स्थापना गर्दा केन्द्रमा साधारण सभाबाट स्विकृत पश्चात् तथा प्रदेश, जिल्ला र ईकाइ कार्यालयहरुले केन्द्रिय कार्यकारिणी समितिबाट स्विकृत गरेर मात्र संचालन गर्नु पर्नेछ ।**

**(२) खाता संचालन :-**

प्रचलित ऐन र नियम अनुसार आम्दानी र खर्चको स्पष्टता श्रेस्ता राख्ने गरी संघको बैंक खाता अध्यक्ष वा महासचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

**(३) कोषको रकम खर्च गर्ने तरिका :-**

(१) संघको कोष जम्मा भएको रकम खर्च गर्दा देहाय वमोजिम तरिका अपनाई खर्च गरिनेछ ।

(क) संघको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगराई कोषबाट खर्च गर्न सकिने छैन ।

(ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

(ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(घ) सानो भन्दा सानो रकम पनि कार्यकारीणी समितिको निर्णय विना खर्च गर्न सकिने छैन ।

(ङ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम गर्नु पर्नेछ ।

**(४) संघको लेखा र लेखा परिक्षणः-**

(क) संघको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिने छ ।

(ख) संघको आय व्ययको लेखा परिक्षण प्रचलित कानून बमोजिम रजिष्ट्रेड लेखा परिक्षकबाट हुनेछ ।

(ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत मा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संघको हिसाव किताव जाँच गर्न गराउन सक्नेछ ।

(घ) लेखा परिक्षकको नियुक्ती साधारणसभाबाट हुनेछ ।

**(४क) केन्द्रिय कार्यालय अर्न्तगतका विभिन्न तहका शाखाहरुमा मौज्दात कोषको खर्च तथा लेखा परिक्षण प्रक्रिया देहाय बमोजिम हुनेछ ।**

**(१) सबै तहका शाखाहरुको मौज्दात कोषमा जम्मा भएको रकम केन्द्रिय कार्यालयबाट रेखदेख र निरीक्षण हुनेछ ।**

**(२) सबै तहका शाखा कार्यलयहरुले आर्थिक वर्षको शुरुमा कोषको रकम खर्च गर्ने अख्तियारी केन्द्रिय कार्यालयबाट लिनुपर्नेछ ।**

**(३) सबै तहका शाखा कार्यलयहरुले आन्तरिक लेखा परिक्षण गराई अन्तिम लेखा परिक्षणको लागि केन्द्रिय कार्यालयमा पठाउनु पर्नेछ ।**

**(४) केन्द्रिय कार्यालयको लेखा परीक्षण हुँदा सबै तहका शाखा कार्यलयहरुको समेत संलग्न गरी एकिकृत लेखा परीक्षण हुनेछ ।**

## परिच्छेद - ७

**(३४) संघको कार्यक्रम** :- संघको उदेश्य प्राप्तीका लागी देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ -

**(१) सामाजिक कार्यक्रम :-**

(क) राष्ट्रिय समारोह, चाडपर्वमा भाग लिने ।

(ख) ठुलो मेला पर्वहरुमा स्वयंम सेवकको रुपमा काम गर्ने ।

(ग) दैवी प्रकोप उद्धार कार्यक्रममा सक्रिय हुने ।

(घ) सामाजिक कुरिति हटाउन सहयोग गर्ने ।

(ङ) प्रदुषण नियन्त्रण तथा वातावरण सम्वर्द्धनका लागि जनचेतना जगाउने कार्यमा सहयोग गर्ने ।

(च) राष्ट्र र समाजको हित कार्यमा सहयोग गर्ने ।

(छ) राष्ट्रिय र प्राकृतिक सम्पदाको संरक्षणमा योगदान गर्ने ।

(ज) स्वास्थ्य चेतना कार्यक्रममा सहयोग गर्ने ।

(झ) अन्तराष्ट्रिय आवश्यक परेको बेला नेपाल सरकार सँग पूर्व स्वीकृती लिई योगदान गर्ने ।

(२) **वर्गीयहित सम्बन्धी कार्यक्रम** :-

(क) पूर्व सशस्त्र प्रहरी तथा निजका परिवारलाई योग्यता अनुसारको व्यवसायमा संलग्न गराउन सक्दो सहयोग गर्ने ।

(ख) पूर्व सशस्त्र प्रहरीले पाउने सहुलियत तथा न्याय प्राप्त गर्न मद्दत पुऱ्याउने ।

(ग) वर्गीय हक हितकोलागि नेपाल सरकार सँग माग राख्ने ।

(घ) नेपाल सशस्त्र प्रहरी बल संगठनसँग सुमधुर एवं निकटतम सम्बन्ध, समन्वय र आपसी समझदारी कायम राखी सांगठनीक हितमा काम गर्ने ।

(ङ) पूर्व सशस्त्र प्रहरी परिवारलाई आवश्यकता र योग्यता अनुसार सशस्त्र प्रहरी बलमा प्राथमिकता दिलाउने ।

(च) मृत्यु हुँदा क्रिया खर्च, गम्भिर विरामी हुँदा उपचार खर्च, आवासका लागि न्यूनतम ब्याजमा ऋण सुविधा, अध्ययनका लागि थप छात्रबृत्ती आदिका लागि सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र मार्फत पूर्व सशस्त्र प्रहरी कर्मचारी तथा तिनका आश्रीत परिवारलाई थप राहत रकम उपलब्ध गराउन पहल गर्ने ।

(३) **बौद्धिक कार्यक्रम** :-

(क) पूर्व सशस्त्र प्रहरी परिवारको लागि व्यवसायमुलक उपयोगी तालीमहरुको आयोजना गराउने ।

(ख) पूर्व तथा बहालवाला सशस्त्र प्रहरी बलका सदस्यका छोराछोरीलाई शिक्षा हाँसिल गर्न सक्दो सहयोग पुऱ्याउने ।

(४) **आर्थिक कार्यक्रम** :- पूर्व सशस्त्र प्रहरी र तिनका परिवारको आर्थिक स्थिति सुदृढ तुल्याउन विविध अर्थोपार्जनका कार्यक्रमहरु सञ्चालन गर्ने ।

## परिच्छेद - ८

**(३५) राजनैतिक असंलग्नता** :- नेपाल पूर्व सशस्त्र प्रहरीसंघ विसुद्ध सामाजिक संस्था भएको हुंदा विधानमा उल्लेख भए अनुरुप सामाजिक तथा वर्गिय हितका लागी सर्मपित रहने छ । संघमा कुनै पनि राजनैतिक कार्य गरिने छैन ।

**(३६) संघ व्यक्ति सरह हुने** :- नेपाल पूर्व सशस्त्र प्रहरी संघ कानूनतः व्यक्ति सरह हुनेछ ।

**(३७) कानूनी सल्लाहकार** :- संघको केन्द्रीय कार्यकारिणी समितिले आवश्यकता अनुसार कानूनी सल्लाहकार राख्न सक्नेछ ।

**(३८) लेखा परिक्षकको नियुक्ती** :- केन्द्रिय परिषद् (साधारण सभा) को निर्णय अनुसार नियुक्त भएका लेखा परिक्षकलाई लिखित रुपमा नियुक्ती पत्र दिने र कार्य सम्पन्न गराएर तोकिएको पारिश्रमिक समेत उपलब्ध गराउने कार्य केन्द्रिय कार्यकारीणी समितिको हुनेछ ।

(३८) १ संघको लेखा परिक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगती विवरणको १/१ प्रति सम्वन्धित निकायहरुमा पेश गरिनेछ ।

**(३९) विधान संशोधन** :-

**(१) यो विधान संशोधन गर्ने अधिकार साधारण सभामा मात्र निहित रहने छ ।**

**(२) संघको बिधान संशोधन गर्नुपर्दा संस्थाका सम्पूर्ण मताधिकार प्राप्त सदस्यहरुको तत्काल सञ्चालन भैरहेको बैठक वा साधारण सभामा उपस्थित संख्याको २/३ बहुमतले पारित गर्नु पर्नेछ ।**

**स्पष्टिकरा:- मताधिकार भन्नाले प्रदेश तथा जिल्लाका प्रतिनिधि र साधारण सभामा उपस्थित संघका आजिवन तथा सक्रिय सदस्यहरुलाई मानिनेछ ।**

**(४०) नियम बनाउने अधिकार** :- संशोधनको उदेश्य अनुरुप कार्यक्रमहरु संचालन गर्न तथा प्रशासनिक कार्य सञ्चालन गर्न प्रशासनिक नियमावली, आर्थिक नियमावली, अनुशासन नियमावलीहरु केन्द्रीय कार्यकारिणी समितिले बनाउनेछ ।

(क) नियम उपनियम बनाउने अधिकार केन्द्रीय कार्यकारिणी समितिमा रहनेछ ।

(ख) यो विधानको व्याख्या केन्द्रीय कार्य समितिले गर्नेछ ।

(ग) उप-समितिहरुको गठन केन्द्रीय कार्यकारिणी समितिले गर्नेछ ।

(घ) वर्गीय हक, हित मातृ संस्था तथा भातृ संस्थाहरुलाई प्रतिकुल असर पर्ने कुनैपनि कार्य गर्न गराउन बन्देज गरिएकोछ ।

**(४१) ऐन अनुसार हुने** :- यस बिधानमा उल्लेख नभएका कुराहरु कानुन बमोजिम हुनेछन, संस्था दर्ता ऐन, नियम र प्रचतिल कानुनसँग कुनै बुदा बाझिन गएमा बाझिन गएको हदसम्म स्वत: निष्क्रिय हुनेछ ।

**(४२) कर्मचारीको व्यवस्था** :- संघले आफ्नो दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनका लागि कर्मचारी दरबन्दी सृजना, पारिश्रमिक, भत्ता तथा अन्य सुबिधा, सेवा शर्तहरु त्यसका लागि अपनाउनु पर्ने कार्यबिधि नियममा तोकिए बमोजिम हुनेछ ।

**(४३) बचाउ** :- यस संघका कुनै पदाधिकारीले यस बिधान र प्रचलित ऐन कानुनको परिधि भित्र रही संघको हित चिताई गरेको कामको लागि व्यक्तिगत रुपमा जिम्मेवार बनाईने छैन । त्यस्तो अवस्थामा संघ उत्तरदायी भई पदाधिकारीको संरक्षण गर्नु पर्नेछ ।

**(४४) संघको खारेजी** :- संघको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संघको खारेजी गर्न सक्नेछ । तर खारेजी प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको प्रक्रियाका लागि एक वा एक भन्दा बढि खारेजीकर्ता र संघको हिसावकिताव गर्नका लागि एक वा एकभन्दा बढि लेखा परीक्षकहरु नियुक्ति गर्न सकिने छ भने यसरी नियुक्ति हुने

खारेजीकर्ता र लेखा परीक्षकको पारिश्रमिक साधारण सभाले तोकिए बमोजिम हुनेछ र अन्य कुनै कारणबश संघ विघटन भई खारेज भएमा संघको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जाय जेथा नेपाल सरकारको हुनेछ ।

(४५) **<u>गोप्यता भंग गर्न नहुने</u> :** यस संघका कुनैपनि पदाधिकारी, सल्लाहकार एवम सदस्यहरुले संघको अहित हुने कार्य गर्नु हुदैन । कार्यसमितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले संघका गोप्य राख्नु पर्ने सूचनाहरु सार्वजानिक गरी गोप्यता भंग गर्न पाईने छैन । गरेमा त्यस्ता व्यक्ति उपर कार्यसमितिको बैठकको निर्णय अनुसार कारबाही चलाउन सकिने छ ।

(४६) **<u>निर्देशनको पालना</u> :-** नेपाल सरकार वा स्थानीय प्रमुखले समयसमयमा दिएको निर्देशनको पालनागर्नु संघको कर्तव्य हुनेछ ।

**(४७) हामी तपशिलका निम्न संस्थापकहरु यस बिधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा बिधानमा <u>सहिछाप गर्दछौं</u> ।**

| संस्थापकको नाम,थर र ठेगाना | साक्षीको नाम,थर र सहिछाप |
|---|---|
| १. नाम थर :- सहविर थापा<br>(अ.प्रा.स.प्र.म.नि.)<br>ठेगाना. का.म.न.पा. वडा न १४ .ब्लक नं. १३३ | १. नाम थर :-कृष्ण प्रसाद घिमिरे<br>ठेगाना काठमाण्डौं जिल्ला ईचंगुनारायण गा.वि.स.वडा नं. ४ ठुलोभऱ्याङ्ग |
| २. नाम थर :- ज्ञानेन्द्रराज राई<br>(अ.प्रा.स.प्र.ना.म.नि.)<br>ठेगाना का.म.न.पा. बानेश्वर ब्लक नं. १२१ | २. नाम थर :- हरिमान श्रेष्ठ<br>ठेगाना काठमाण्डौं जिल्ला ईचंगुनारायण गा.वि.स.वडा नं. ४ |
| ३. नाम थर :- शिवराज गौली<br>(अ.प्रा.स.प्र.ना.म.नि.)<br>ठेगाना काठमाण्डौं जिल्ला खड्ग भद्रकाली गा.वि.स.वडा नं. १ | ३. नाम थर :- अचुत राम नेपाल<br>ठेगाना काठमाण्डौं जिल्ला ईचंगुनारायण गा.वि.स.वडा नं. ४ |
| ४. नाम थर :- पोषेन्द्रध्वज खाँड (अ.प्रा.स.प्र.ब.उ.)<br>ठेगाना काठमाण्डौं जिल्ला ईचंगुनारायण गा.वि.स.वडा नं. ६ | ४. नाम थर :- हरिकृष्ण लामा<br>ठेगाना काठमाण्डौं जिल्ला ईचंगुनारायण गा.वि.स.वडा नं. ७ |
| ५. नाम थर :- प्रकाश बहादुर थापा (अ.प्रा.स.प्र.ब.उ.)<br>ठेगाना का.म.न.पा. बानेश्वर वडा नं. ३४ ब्लक नं. ७९/५ | ५. नाम थर :- उपेन्द्रध्वज खाँड<br>ठेगाना काठमाण्डौं जिल्ला ईचंगुनारायण गा.वि.स.वडा नं. ६ |
| ६. नाम थर :- छत्र बहादुर प्रधान<br>ठेगाना का.म.न.पा. गणेशस्थान चावहिल<br>गा.वि.स.वडा नं. ७ ब्लक नं. ११/१९५ | ६. नाम थर :- ध्रुव चन्द (स.प्र.ह.)<br>ठेगाना काठमाण्डौं जिल्ला ईचंगुनारायण गा.वि.स. |
| ७. नाम थर :- धन बहादुर थापा<br>ठेगाना का.म.न.पा. कुलेश्वर काठमाण्डौं गा.वि.स.वडा नं. १४ ब्लक नं. १६० | ७. नाम थर :- रानु खाँड<br>ठेगाना काठमाण्डौं जिल्ला ईचंगुनारायण गा.वि.स.वडा नं. ६ |

## अनुसूची १ :-

**१. संघको झण्डाः-**

(क) झण्डाको लम्बाई ५' र चौडाई ३ ' को साइजमा हुनेछ ।
(ख) झण्डाको बेस सुन्तला (सिन्दुर) रंगको हुनेछ ।
(ग) झण्डाको बीचमा २' को डायमीटरमा संघको लोगो (छाप) राखिने छ ।
(घ) संघका गतिविधीहरुमा पहिचानका लागी झण्डाको प्रयोग गर्न सकिनेछ ।



**२. संघको लोगो तथा छाप :-**

(क) १ ईन्च गोलाईमा नेपाल पूर्व सशस्त्र प्रहरी संघ केन्द्रिय कार्यालय काठमाण्डौं स्थापित २०६४ लेखिएको हुनेछ ।
(ख) पूर्व सशस्त्र प्रहरीको पहिचान खुल्ने सानो मोनोग्रामको माथी अर्ध गोलाकारमा सुर्यको किरण फैलिएको संकेत रहनेछ ।
(ग) मोनोग्रामको नमुना मातृसंस्थाले प्रयोग गर्ने चिन्हको सानो रुप मात्रै हुनेछ नाम हुनेछैन ।
(घ) संघको कार्यालय छाप लाई नै आवश्कतानुसार लोगोको रुपमा विभिन्न व्यानर, झण्डा, आदिमा विभिन्न साइजमा प्रयोग गर्न सकिनेछ ।

**३. संदस्यहरुले लगाउने संघको व्याच :-**

(क) १ ईन्च गोलाईमा सेतो व्याकग्राउण्डमा संघको लोगो सहितको झण्डा रहनेछ ।
(ख) बाहिरी वोडरमा सुनौलो घेरा हुनेछ ।
(ग) व्याचको भित्र रातो रङ्गले अंग्रेजी र नेपालीमा संघको नाम र स्थापित २०६४ लेखिनेछ ।
(घ) व्याचको भित्र पट्टि झण्डा मुनी निलो रङ्गले अग्रज राष्ट्रसेवक लेखिनेछ ।



**अनुसूची-१ (क)**

(दफा २५ को उपदफा २ (छ) सँग सम्बन्धित)

<u>उमेद्वारी आवेदन फाराम</u>

श्रीमान्  निर्वाचन संयोजकज्यू,
निर्वाचन समिति,
नेपाल पूर्व सशस्त्र प्रहरी संघ ।

**विषयः उम्मेदवारी दर्ता गरि दिनु हुन ।**

यस संघको ...................... पदमा निर्वाचित भई संघको सेवा गर्ने इच्छा भएकोले मिति .................मा सम्पन्न हुने निर्वाचनमा उम्मेदवार बन्न यो दरखास्त पेश गरेको छु । म यस प्रकृतिको अन्य कुनै संघ संस्थाको संचालक र अन्य समितिको पदमा कार्यरत नरहेको, यस संघमा मैले निरन्तररुपमा मिति.................देखि सदस्य भई हालसम्म संघको नीति कार्यक्रम अनुसार सदस्यको जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरी आएको हुनाले मेरो उम्मेदवारी स्वीकृत हुन समेत अनुरोध गर्दछु । संघको विधान २०६४ (संशोधन सहित) विपरित मेरो उम्मेदवारी भएको भए सोही बमोजिम उम्मेदवारी खारेज भएमा मेरो कुनै आपत्ति छैन ।

निवेदक
दस्तखतः
उम्मेदवारको नाम थर :
ठेगाना र सम्पर्क फोन नम्बर :
मतदाता क्रम संख्या :

प्रस्तावक
दस्तखतः
प्रस्तावकको नाम थर :
मतदाता क्रम संख्या :

समर्थक
दस्तखतः
समर्थकको नाम थर :
मतदाता क्रम संख्या :

यो दरखास्तपत्र मिति........... का दिन ........ बजे श्री................  ले मेरो समक्ष प्रस्तुत गर्नु भएको ब्यहोरा प्रमाणित गर्दछु ।

निर्वाचन संयोजक/सदस्य
नाम थर :
दस्तखत :

**अनूसूचि १ ख**

(परिच्छेद ४ को दफा २५ उपदफा २ (ज) संग सम्बन्धित)

**शपथ ग्रहण**

म ........... (सपथकर्ताको नाम) ............. बार्षिक केन्द्रीय परिषद्को सभा समक्ष यो प्रतिज्ञा गर्दछु मेरो सामर्थ्यले भ्याएसम्म ................का नाताले सबै काम तथा बैठकहरुमा नियमित रुपले भाग लिने छु तथा संघको विकास र सदस्यहरुको हितका लागि इमान्दारी तथा पवित्र हृदयले पक्षपात रहित तरिकाबाट निर्णय लिनेछु ।

**अनूसूचि १ ग**

(परिच्छेद ४ को दफा २५ उपदफा २ (ज) संग सम्बन्धित)

नेपाल पूर्व सशस्त्र प्रहरी संघ

केन्द्रीय कार्यालय, काठमाण्डौ

**प्रमाण पत्र**

श्री ...................ज्यू,

मिति ................. गते बसेको ......... केन्द्रीय परिषद्को सभाबाट सम्पन्न निर्वाचनमा तपाई ................ समितिको ................. पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाईका साथ यो प्रमाण पत्र प्रदान गरिएको छ ।

साथै यहाँको कार्यकालको पूर्ण सफलता र संघको उत्तरोत्तर प्रगतिका लागि शुभकामना समेत व्यक्त गर्दछौं ।

| | | |
|---|---|---|
| सदस्य<br>निर्वाचन समिति | सदस्य<br>निर्वाचन समिति | संयोजक<br>निर्वाचन समिति |

**फोन/फ्याक्स नं. ०१-५२४९२२४**
**email [exapf.acn@gmail.com](mailto:exapf.acn@gmail.com), web: [www.nepalexapf.org.np](http://www.nepalexapf.org.np)**
**[https://www.facebook.com/profile.php?id=100066415211080](https://www.facebook.com/profile.php?id=100066415211080)**

